नेपाल सरकार
गृह मन्त्रालय
१नं. प्रदेश प्रहरी कार्यालय
(प्रबन्ध शाखा)
विराटनगर, मोरङ

प्रहरी नायव महानिरीक्षक

विराटनगर, मोरङ।

## सवारी साधन लिलाम बिक्री सम्बन्धी वोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/१२/१३ गते।

१ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरको नाममा रहेका निम्न सवारी साधन जे जस्तो अबस्थामा छन, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले लिलाम बिक्री सम्बन्धी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही वोलपत्र खरिद गर्न हुन सर्वसाधारणको जानकारीको लागी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ ब्यक्ति भए पान नं., नागरिकताको प्रमाणित प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र ,गत आ.ब. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी सहित बोलपत्र फाराम दस्तुर रू.१,०००।- (एक हजार) मात्र कृषि विकास बैंक विराटनगर शाखा मार्फत राजश्व शिर्षक नं. १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचरको प्रतिलिपि समेत संलग्न राखी सूचना प्रकाशित भएको मिति २०७८।१२।१३ गते देखी १५ औ दिन कार्यालय समयभित्र १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगर प्रबन्ध शाखाबाट खरिद गर्न सकिने छ।
२. आफुले कवोल गरेको बोलपत्र सम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारीक ब्यक्तिले सहिछाप गरि सिलवन्दी खाम बाहिर १ नं. प्रदेश प्रहरी कार्यालय प्रबन्ध शाखा र माथीपट्टी सूचना नं.उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६ (औ) दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ। तोकिएको दिन समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरु सोहि दिनको १४:०० बजे देखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता वा आधिकारीक प्रतिनिधिहरुको रोहवरमा १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरको कार्यालय परिसरभित्र खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाँधा पर्ने छैन।
३. आफुले कवोल गरेको रकमको १० % प्रतिशतले हुन आउने धरौटी वापतको रकम १ नं. प्रदेश प्रहरी कार्यालय लेखा शाखा विराटनगरको कार्यालय कोड नं. ३१४०४१३०१ मा कृषि विकास बैक विराटनगर शाखामा रहेको को.ले.नि.का.को धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा नगद रकम जम्मा गरी सो को सक्कलै भौचर वा ईजाजत प्राप्त बाणिज्य बैकबाट जारी भएको बैक जमानत बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।
४. आफुले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्याता दिइनेछ।
५. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई मालसामनहरु उठाई सक्नु पर्नेछ।
६. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्ने बोलपत्रदाताहरुले सवारी साधनको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समय भित्र १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरमा सम्पर्क गरी हेर्न सक्नु हुनेछ।
७. बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमश सोको भोलीपल्ट सोही समयमा हुनेछ।
८. यस सम्बन्धी अन्य कुराहरु बुझ्न चाहेमा यस कार्यालयमा आई बुझ्न सकिने छ।
९. यस सम्बन्धी अन्य कुराहरु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ अनुसार हुनेछ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

## लिलाम बिक्री हुने सवारी साधनको बिवरण :-

| सि.नं. | बिवरण | सवारी नं. | ईन्जिन नम्बर | चेसिस नं. | मोडेल | न्यूनतम मूल्य | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | टाटा ट्रक | बा १ ग ७५४ | FVQ1-17182 | 359073FVQ113394697D26 | १९९४ | ३,१२,०००।- | दर्ता नहुने |